# सर्वोच्च अदालतबाट जारी भएको

## सूचना

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को जोखिम तथा स्वास्थ्य सुरक्षा समेतलाई ध्यानमा राखी यस अदालतको पूर्ण वैठकको मिति २०७६/१२/०७ लगायत विभिन्न मितिमा भएका निर्णय एवं सूचना वमोजिम कामकारवाहीमा संकुचन र विस्तारसहितको सेवा प्रवाह हुँदै आएको अवगत नै छ। नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णय बमोजिम २०७७/०४/०८ बाट काठमाडौं उपत्यकाभित्र सार्वजनिक यातायात संचालन हुँदै आएकोमा पुनः मिति २०७७/०५/०४ गते बाट उपत्यकाका तीनै जिल्लामा निषेधाज्ञाको आदेश जारी भएकोमा २०७७/०५/२५ बाट आदेश खुकुलो भई जोर-विजोर प्रणालीमा यातायातको साधन संचालनमा आएकोमा सोही बमोजिम २०७७/०५/२५ बाट र नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७७/०५/३० को निर्णयबाट नेपाल राज्यभर सार्वजनिक यातायात तथा हवाई उडान समेत मिति २०७७/०६/०१ बाट संचालन भएको सन्दर्भमा सेवा प्रवाह सम्बन्धमा मिति २०७७/०६/०२ मा सूचना प्रकाशित गरिएको व्यहोरा विदितै छ।

उल्लिखित परिस्थितिमा यस अदालतबाट हुने काम कारवाही तथा सेवा प्रवाहका सम्वन्धमा नेपाल बार एशोसिएशन तथा सर्वोच्च अदालत बार एशोसिएशनका अध्यक्ष तथा पदाधिकारीज्यूहरुसंग मिति २०७७/०६/०४ मा भएको छलफल समेतबाट प्राप्त पृष्ठपोषण तथा कोभिड-१९ को जोखिम समेतलाई विचार गरी सो सम्बन्धमा अर्को सूचना जारी नभएसम्म देहाय बमोजिम हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी  यो सूचना प्रकाशन गरिएको छ।

१. यस अदालतको मिति २०७७/०५/२५ को सूचनाबमोजिम भईरहेको सुनुवाईलाई निरन्तरता दिने।

२. मिति २०७७/०५/२५ को सूचनामा उल्लेखित मुद्दा, रिट, निवेदन तथा प्रतिवेदनहरुको सुनुवाईको अतिरिक्त  देहायका मुद्दा, रिट तथा निवेदनहरुको सुनुवाई थप गर्ने।
   (क) थुनुवा भएका मुद्दाहरु प्राथमिकतापूर्वक पेशीमा चढाई सुनुवाई गर्ने।
   (ख) संवैधानिक इजलासमा पेश हुने रिट निवेदन/मुद्दाको प्रारम्भिक सुनुवाई गर्ने।
   (ग) नि.सु., हेर्दाहेर्दैमा रहेका मुद्दाका पक्ष उपस्थित भए पेशी चढाई सुनुवाई गर्ने।
   (घ) पुनरावलोकनका बाँकी निवेदनहरुको सुनुवाई गर्ने।

३. यस अदालतको मिति २०७७/०५/२५ तथा मिति २०७७/०६/०२ को सूचना समेतका आधारमा मुद्दा, रिट, निवेदन तथा प्रतिवेदन दर्ता लगायतका कामहरुलाई निरन्तरता दिने।

मितिः २०७७।०६।०५

देवेन्द्र ढकाल